आ.व. ०७७।०७८
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक संख्याः ०५ / ०७७ / ७८
मितिः-२०७७।७।०३ गते
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुत्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| श्री वुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री रेशमलाल न्यौपाने | नि.प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री गणेश बहादुर थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा ४ |

नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं १**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/५/१९ को माननीय मन्त्रीस्तरीय निर्णयवाट स्वीकृत **"विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका,२०७७"** को दफा ३० मा सिकाई सहजीकरण कियाकलाप सञ्चालन गरेका विद्यालयले लिन पाउने शुल्क प्रचलित कानूनको अधिनमा रही स्थानीय तहले स्वीकृत गरे वमोजीम हुने भन्ने व्यवस्था उल्लेख भएको र शुल्क स्वीकृत गरी पाउँ भनी विद्यालयहरुवाट माग भै आएकोमा निम्नानुसार हुन आउने शुल्क कायम गर्न विद्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

क. चालु शैक्षिक सत्रका लागि गत शैक्षिक सत्र २०७६ कै शुल्क कायम गर्नुपर्नेछ ।
ख. वैशाख र जेठको कुनै पनि शुल्क लिन पाइने छैन ।
ग. वार्षिक शुल्क नियमानुसार लिन पाउने शुल्कको आधामात्र लिनुपर्नेछ ।
घ. भर्ना शुल्क अन्य विद्यालयवाट स्थानान्तरण भै आउने वा शुद्ध नया भर्ना हुने विद्यार्थीहरुवाट मात्र नियमानुसार लिनुपर्नेछ ।
ङ. आषाढ, श्रावण र भाद्र महिनाको अनलाइन कक्षा वा अन्य वैकल्पिक सिकाइ कियाकलापमा सहभागी विद्यार्थीहरुसँगमात्र अभिभावकहरुको सहमतिमा गतवर्षको मासिक शुल्कको ५०% शुल्क लिनुपर्नेछ ।
च. आश्विन महिनादेखि सिकाइ सहजीकरणमा सहभागी भएका विद्यार्थीहरुवाट मात्र अभिभावकहरुको सहमतिमा गत वर्षको मासिक शुल्कको ७५% शुल्क लिनुपर्नेछ ।
छ. मासिक शुल्क वाहेक यातायात, कम्प्यूटर,अतिरिक्त कियाकलाप, विज्ञान प्रयोगशाला,पुस्तकालय लगायतका अन्य कुनै पनि शुल्कहरु विद्यालयमा विद्यार्थीको नियमित उपस्थित नभएसम्म लिन पाईनेछैन ।
ज. उल्लेखित आधारहरुको परिधि वाहिर गई शुल्क लिएको प्रमाणित भएमा त्यस्ता विद्यालयहरुलाई नियमानुसारको कारवाही हुनेछ ।
झ. विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरुलाई नियमित रुपमा तलवभत्ता उपलब्ध गराउनु पर्नेछ ।

**निर्णय नं २**

सामाजिक विकास डिभिजन कार्यालय, पाल्पाको पत्रवाट आ.व. ०७७।०७८ मा पाल्पा जिल्ला अन्तर्गत सामुदायिक विद्यालयमा संचालित एउटा वाल विकास केन्द्रलाई नमूना केन्द्रको रुपमा विकास गर्ने उद्देश्यले रु. ५,००,०००।- अनुदान दिने गरी तानसेन नगरपालिकावाट श्रोत सुनिश्चिता सहित वाल विकास केन्द्र छनौट गरी पठाउन लेखी आएकोले अनुदानको ३०% ले हुन आउने रकम शिक्षातर्फ विनियोजित निर्शत वजेटवाट उपलव्ध गराउने निणय गरियो ।

**निर्णय नं. ३**

एस.ए कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.ले "घ" वर्गको निर्माण व्यवसायको ईजाजत पाउँ भनि आवस्यक कागजात सहित निवेदन पेश गरेकोमा ईजाजत पत्र सिफारिस समितिवाट मिति २०७७।७।२

निमित्त प्रमुख प्रशासकीय अधिकृत    नगर प्रमुख

नगर प्रमुख

को वैठकवाट निर्णय भई सिफारिस आएकोले उक्त कम्पनीलाई "घ" वर्गको निर्माण व्यवसायको ईजाजत दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

सडक निर्माण तथा विभिन्न कार्यमा उत्खनन गरिएको ढुंगा, माटो र गिट्टीजन्य बस्तुको रोयल्टी संकलन गर्न खटिएका नगर प्रहरीलाई फिल्डमा खटिएको समयको खाजा खर्च वापत यस आ.व.मा उठेको कूल रोयल्टी रकमको वढिमा १० प्रतिशतले हुन आउने रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

माथागढी गाउपालिकावाट ठाउँ स्थानान्तरण गरिपाउँ भनि WASH संयोजक विष्णुमाया थापा मगरले निवेदन पेश गरेको र सोही अनुसार तानसेन नगरपालिकावाट प्रदेश सरकार लुम्विनी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयमा सहमतीका लागि पत्राचार गरिएकोमा तहाँ मन्त्रालयको मिति २०७७।६।२१ च.नं. ४९२ वाट थप जिम्मेवारी सहित कार्यस्थल स्थानान्तरण गरिएको पत्र प्राप्त भएकोले निज विष्णुमाया थापालाई तानसेन नगरपालिकामा वास योजना कार्यक्रम संचालन अवधि सम्मका लागि मात्र मासिक **रु. ३५,९९०।** सेवा सुविधा दिनेगरी मिति २०७७।७।१ गते देखि हाजिरी गराई काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रदेश पूर्वाधार विकास प्राधिकरण वुटवलको पत्र वमोजिम तानसेन नगरपालिका स्थित श्रीनगर क्षेत्रलाई रिक्रियसन पार्क निर्माणका लागि प्रदेश सरकारवाट वजेट विनियोजन भएकोले उक्त श्रीनगर क्षेत्रमा रिक्रियसन पार्क निर्माणका लागि माग वमोजिमको जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

रिब्दीकोट गाउपालिका वडा नं. १ ख्याहा र तानसेन नगरपालिका वडा नं. १४ अर्गली जोड्ने ख्याहा अर्गली मोटर वाटोको अधुरो कार्य पुरा गर्नका लागि प्राविधिक मूल्याङ्कनको आधारमा तानसेन नगरपालिका नगर प्रवर्द्धनात्मक कार्यक्रमको मागमा आधारित शिर्षकवाट रु.२०,०००००। (वीस लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिकाको सातौं नगर सभावाट भएको निर्णय वमोजिम १० लाख वा सो भन्दा माथिका योजनाहरु २०७७ आश्विन मसान्तभित्र संचालन गरी सम्पन्न गर्नुपर्नेमा कोरोना भाईरसको संक्रमणले योजना सम्पन्न गर्न नसकिएको हुँदा पुन २०७७ मंसिर पहिलो हप्ता भित्र सम्पन्न गर्ने गरी उक्त योजनाको म्याद थप गर्ने निर्णय गरियो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख